पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १९ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८१ माघ १९ गते शनिबार ❑ 1 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## प्रशासनिक सुधार, सुशासन र लगानी अभिवृद्धिका लागि अध्यादेश : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १८ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारी कार्यालयमा फाइल घुमाएर सेवाग्राहीका काम अड्काउने प्रवृत्ति रोक्नेलगायत सुधार, सुशासन र लगानी अभिवृद्धिका लागि संसद् नचलेको समयमा सरकारले विभिन्न अध्यादेश ल्याएको स्पष्ट गर्नुभएको छ।



प्रतिनिधिसभामा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले तत्काल आर्थिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी अभिवृद्धि गर्न ११, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी १२, भूमि तथा वनसम्बन्धी तीन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, निजीकरण ऐन र सहकारी ऐनगरी २९ वटा ऐनमा अध्यादेशमार्फत संशोधन गरिएको जानकारी दिनुभयो। उहाँले कानुनमा तोकिएको अवधिबाहेक सबै काम सात दिनभित्र सक्नैपर्ने कानुनी व्यवस्था गरिएको रसूचना प्रविधिमा आधारित नेपाली कम्पनीलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने वातावरण बनाइएको बताउनुभयो । “अब हाम्रा नेपाली कम्पनीलाई विदेशमा सहायक कम्पनी तथा शाखा खोल्न, कारोबार गर्न र विदेशमा भएको आम्दानी नेपाल भित्र्याउनसक्ने वातावरण बनाइएको छ”, प्रधानमन्त्री ओलीले भन्नुभयो। उहाँले उपभोक्ताहित संरक्षणसम्बन्धी बाझिएका कानुनमध्ये अप्रासाङ्गिक कानुन खारेज गरिएको र प्रतिस्पर्धाका माध्ययमबाट वस्तुको मूल्य निर्धारण हुने व्यवस्थागरी उद्यमी व्यवसायीलाई अनावश्यक रूपमा तर्साउने अवस्था हटाइएको र उपभोक्ताहित संरक्षणलाई अझै मजबुत बनाइएको जनाउनुभयो।

प्रधानमन्त्री ओलीले उद्योग दर्ताका लागि निवेदन दिएको १५ दिनभित्र सरकारी अधिकारीले निर्णय दिनुपर्ने र सो अवधिमा निर्णय नदिए स्वतः उद्योग सञ्चालनको मान्यता दिने व्यवस्था गरिएको, उद्यमीले कम्पनी खोल्न पाउने तर टाट पल्टिदासमेत बन्द गर्न अनावश्यक ‘झन्झट’मा फस्नुपर्ने अवस्था सदाका लागि अन्त्य गरिएको बताउनुभयो । उहाँले सहकारी ठगीसम्बन्धी संसद्ीय समितिको प्रतिवेदनले औंल्याएअनुरुप बचतकर्ताको रकम सुरक्षा गर्न आवश्यक राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्नेलगायत तत्काल गर्नुपर्ने कामका लागि विद्यमान सहकारी ऐनमा संशोधन गरिएको पनि जानकारी दिनुभयो।

## संविधान संशोधन सबै दलको सहमतिमा: सभापति देउवा

**रासस**
काठमाडौं, १८ माघ

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधानको प्रभावकारी कार्यान्वयनका लागि सबै दलको सहमतिमा संविधान संशोधन हुने बताउनुभएको छ।



प्रतिनिधिसभाको पाँचौं अधिवेशनको पहिलो बैठकमा शुक्रबार सम्बोधन गर्नुहुँदै उहाँले संविधानका राम्रा र नराम्रा पक्षको समीक्षासहित संशोधनको प्रक्रिया पनि प्राथमिकताका साथ अघि बढाइने उल्लेख गर्नुभयो।

“संसद्मा विचाराधिन विधेयकहरू द्रुत गतिमा निर्माण जरुरी छ”, सभापति देउवाले भन्नुभयो, “सबै विधेयक यो अधिवेशनबाट पारित हुने मैले विश्वास लिएको छु ।” हिउँदे अधिवेशन कानुन निर्माण गर्ने अधिवेशनका रूपमा लिइने भएकाले विचाराधिन विधेयक र नयाँ विधेयकमाथिको संसद्ीय प्रक्रियामा शीघ्रता दिइनुपर्ने उहाँको भनाइ थियो।

त्यस्तै, वर्तमान सरकार गठन भएको साढे छ महिना पूरा भएको स्मरण गर्नुहुँदै सभापति देउवाले कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सात बुँदे सहमति कार्यान्वयनमा जोड दिनुभयो । वर्तमान सरकारले नागरिकको विकास र समृद्धिको आकांक्षालाई पूरा गर्नेगरी काम गरिरहेको पनि उहाँले बताउनुभयो । “सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण र यसै व्यवस्थाका माध्यमले मुलुकमा दिगो शान्ति स्थापना गर्ने, भ्रष्टाचार नियन्त्रण गर्दै सुशासनको प्रत्याभूति गर्ने, देशको अर्थतन्त्रलाई चलायमान बनाउदै आर्थिक प्रगति गर्ने, विकास निर्माणलाई तीव्र गति दिने र देशको आर्थिक अवस्थालाई सुदृढ गर्दै समृद्धि प्राप्त गर्ने यो सरकारको मुख्य ध्येय हो”, उहाँले भन्नुभयो, “सरकार यस मार्गमा सकारात्मक रुपले काम गरिरहेको छ र आगामी दिनमा पनि राम्रो काम गर्दै जानेछ भन्ने मैले विश्वास लिएको छु।”

मुलुकको समग्र विकासका लागि लोकतन्त्रको सुनिश्चितता र सुदृढ अर्थतन्त्र आवश्यक हुने उल्लेख गर्नुहुँदै सभापति देउवाले सबै दलहरूलाई यी विषयलाई केन्द्रमा राखेर अघि बढ्न आग्रह गर्नुभयो । “हामी लोकतन्त्रमा आवश्यक राजनीतिक अधिकारको उपभोग त गरिरहेको छौं तर, आर्थिक अवस्था सुदृढ हुन सकेको छैन। परिणामस्वरुप विकास वा संवृद्धिको यात्रा चाहनाअनुसार अगाडि बढ्न सकेको छैन । हाम्रो देशको आर्थिक अवस्था उकास्न जरुरी छ”, सभापति देउवाले भन्नुभयो। व्यावसायिक वातावरण प्रवर्द्धन गर्न, लगानीको अनुकूल वातावरण बनाउन अध्यादेशबाट केही कानुन ल्याइएको र यसले देशको आर्थिक अवस्थामा सुधार ल्याउने अपेक्षा गरिएको उहाँको भनाइ छ। सुशासनको सुनिश्चितता र सेवा प्रवाहमा सहजताका लागि सरकारले अध्यादेशमार्फत् कानुन ल्याएको उहाँको भनाइ छ।

“कानुनहरूले देशमा सुशासन कायम गर्ने, भूमिहीन सुकुम्बासी एवम् अव्यवस्थित बसोबासको समस्या समाधान गर्ने, सहकारीको क्षेत्रमा देखा परेको समस्या समाधान गर्नेछ । यी कानुनहरूले आर्थिक क्षेत्रमा क्रियाशील निजी क्षेत्र उत्साहित र सकारात्मक भएको मैले पाएको छु”, कांग्रेस सभापति देउवाले भन्नुभयो, “ती अध्यादेशहरू सदनबाट स्वीकृत हुने छन् र पछि पेस हुने प्रतिस्थापन विधेयकमा आवश्यक भए थप परिमार्जन गरी पारित गर्न म आग्रह गर्दछु।” संसद्मा कानुन निर्माणको विषयले राम्रो गति लिन नसकेको गुनासो सुनिने गरेको उल्लेख गर्नुहुँदै उहाँले संविधानको कार्यान्वयनसँग र नागरिकको प्रत्यक्ष सरोकारका विधेयक चाँडो पारित गरेर कार्यान्वयनमा ल्याइनुपर्ने बताउनुभयो। “लोकतन्त्रको आधार भूत मान्यता विधिको शासन हो । कानुन निर्माणको थलो संसद् नै हो। तसर्थ हामीले आवश्यक कानुन बनाउन ढिलाई गर्नु हुँदैन”, देउवाले भन्नुभयो, “संविधान संशोधन गर्दा बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र समावेशितालगायतका संविधानका आधारभूत विशेषता कमजोर हुनु हुँदैन।”

पूर्वप्रधानमन्त्री समेत रहनुभएका देउवाले राजनीतिक दलहरूका बीचमा सहमतिका आधारमा संविधान संशोधन आवश्यक रहेको बताउनुभयो । “यसबारेमा हामीले छलफल प्रारम्भ गरी सकेका छौं । हामीले अन्य राजनीतिक दलहरूसँग पनि संवाद, सहमति र सहकार्यका साथ अगाडि बढ्नुपर्छ”, उहाँले भन्नुभयो। ल ो क त ा ि न्त्र क पद्धति संसारको उत्कृष्ट शासन व्यवस्था भएकाले यसको विकल्प नहुने पनि उहाँले स्पष्ट पार्नुभयो । लोकतन्त्रको विकल्प केवल लोकतन्त्र मात्र भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “यसै राजनीतिक प्रणालीले नै राष्ट्लाई समुन्नत बनाउन सक्दछ । तसर्थ लोकतन्त्रको विकल्प खोज्ने होइन बरू यसलाई थप सुदृढ बनाउदै नारिकको जीवनसँग जोड्नु पर्दछ।”

## निलम्बन फुकुवा गरिदिन सभापति लामिछानेद्वारा सभामुख घिमिरेलाई निवेदन

**रासस**
काठमाडौं, १८ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले शुक्रबार सभामुख देवराज घिमिरेसँग भेट गर्दै आफ्नो सांसद पद निलम्बन फुकुवाका लागि निवेदन दिनुभएको छ।

सिंहदरबारस्थित सभामुख घिमिरेको कार्यकक्षमा भएको उक्त भेटमा सभापति लामिछानेले सभामुख घिमिरेसमक्ष निलम्बन फुकुवाका लागि निवेदन बुझाउनुभएको हो । सभापति लामिछानेले आफु थुनामुक्त भएको व्यहोरा उल्लेख गर्दै निलम्बन फुकुवाको निवदेन बुझाउनुभयो। सभापति लामिछानेसँगै उपसभामुख इन्दिरा राना, रास्वपाका कार्यवाहक सभापति डोलप्रसाद अर्याल, उपसभापति डा स्वर्णिम वाग्ले, प्रमुख सचेतक सन्तोष परियारलगायतका सांसदहरूले सभामुख घिमिरेसँग भेट गर्नुभयो । निलम्बीत सांसद लामिछानेले संसद्को बैठकमा सहभागि भई विधायीकाको जिम्मेवारी बहन गर्न मार्ग प्रशस्त गर्न वातावरण मिलाइ दिन सभामुख घिमिरेसमक्ष अनुरोध गर्नुभयो। प्रतिनिधिसभा सदस्य लामिछानेलाई गत पुस ८ गते प्रतिनिधिसभा सचिवालयले सांसद पदबाट निलम्बन गरेको थियो।

## आहा ! रारा पोखरा गोल्ड कपमा तीन विदेशीसहित १२ टोलीले प्रतिस्पर्धा गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

गण्डकी प्रदेशको राजधानी पोखरामा यही माघ २२ देखि फागुन ३ गतेसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन हुँदैछ।

चौविसौं संस्करणको यो प्रतियोगितामा नेपालका नौ र तीन विदेशी गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने निश्चित भएको आयोजक क्लब पोखराका अध्यक्ष केशवराज बरालले जानकारी दिनुभयो।

प्रतियोगिताको उद्घाटन खेल माघ २२ गते आयोजक सहारा र विभागीय टोली नेपाल पुलिस क्लबका बीचमा हुनेछ । प्रतियोगितामा आयोजक सहारा, नेपाल पुलिस क्लब, थ्री स्टार क्लब, मच्छिन्द्र फुटबल क्लब, संकटा क्लब, ब्रिगेड ब्वाइज क्लब, एन आरटी फुटबल क्लब, अपी पावर चर्च ब्वाइज युनाइटेड फुटबल क्लब सहभागी हुँदैछन्।

यसैगरी नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लब र आयोजक सहारा क्लब गरी स्वदेशका नौ टोलीले प्रतिस्पर्धा गर्नेछन्। विदेशी टोली युकेको बिग्रेड ब्वाइज फुटबल क्लब, भारतको थन्डरबोल्ट नर्थ युनाइटेड र उज्वेकिस्तानको ब्ल्याक बुल्स फुटबल क्लब प्रतियोगितामा सहभागी हुने अध्यक्ष बरालले जानकारी दिनुभयो।

प्रतियोगितामा सहभागी १२ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह ‘ए’ मा ब्रिगेड ब्वाइज, आयोजक, पुलिस, एनआरटी, चर्च ब्वाइज र आर्मी रहेका छन् भने समूह ‘बी’ थ्री स्टार, एपिएफ, मच्छिन्द्र, भारतको थन्डरबोल्ट, संकटा र उजेकिस्तानको टोली रहेका छन्। सहभागीमध्ये दुई विदेशी टोली ब्रिगेड ब्वाइज र उज्वेकिस्तानको टोलीसँगै थ्री स्टार तथा आर्मी वाई पाएर सीधैँ क्वार्टरफाइनल खेल्नेछन् । प्रतियोगिताको विजेताले रु१२ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेताले रु छ लाखसहित सिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् । यसैगरी सो प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई स्कुटर पुरस्कार प्रदान गरिने छ । प्रतियोगितामा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्टाइकर र प्रशिक्षकले रु २५ हजारसँगै ट्रफ्री पुरस्कार पाउँदा फेएर प्लेको रूपमा एक टोलीलाई पुरस्कृत गरिने सहाराका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिनुभयो।

प्रतियोगितमा रु एक करोड ५१ लाख आम्दानी हुने र रु एक करोड ४२ लाख २० हजार खर्च हुने आयोजक सहारा क्लबले जनाएको छ । पोखरा महानगरपालिकाको संरक्षकत्त्व रहेको आहा रारा पोखरा गोल्डकप हिमश्री फुड्स प्रालिको उत्पादन आहा रारा चाउचाउको मुख्य प्रायोजनमा हुँदै आएको छ।

क्लबले सञ्चालन गर्ने पोखरा गोल्डकपबाट संकलित रकम सहारा एकेडेमीमा आश्रित विपन्न वर्गका बालकको फुटबल प्रशिक्षणसँगै निःशुल्क आवास सुविधा प्रदान गर्दै आएको छ । एकेडेमीमा चौथो व्याचका ३० बालक आश्रित रहेका छन्।

## बस दुर्घटनामा एकको मृत्यु, १३ जना घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

पृथ्वीराजमार्गअन्तर्गत यहाँको आँबुखैरेनी गाउँपालिका-१ सत्रसयमा शुक्रबार भएको बस दुर्घटनामा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा १३ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा चितवनको भरतपुर महानगरपालिका बस्ने २२ वर्षीया सुमिना सापकोटाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो। दुर्घटनामा घाइते सापकोटालाई उपचारका लागि आँबुखैरेनी अस्पताल पुर्‍याएपनि चिकित्सकले मृत घोषणा गरेका हुन । दमौलीबाट मुग्लिनतर्फ जाँदै गरेको बा ५ ख २९९९ नम्बरको बस सडक छेउको कल्भर्टमा पल्टिएको


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राजस्थानी नृत्यमा झुमे पोखरेली

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

भारतको राजस्थान राज्यको उदयपुर संभाग क्षेत्रका महिलाहरु परम्परागत रुपले टाउकोमा ८/९ वटा पानीको घडा (माटोको गाग्री) राखेर नाच्छन् ।

नाच यति कठीन हुन्छ कि, कहिलेकाहिँ उनीहरु नाचकै तालमा आफ्नो खुट्टा काँचको टुक्रा वा तरबारमासमेत राख्छन् । सामान्यतयाः यो नाचको उपक्रममा महिलाहरु टाउकोमा घडा र खुट्टामा पित्तलको थाली राखेर अगाडि बढ्छन् । भवई नाचको रुपमा प्रख्यात यो नाचको पृष्ठभूमिमा पखावज (मादलजस्तै), ढोलक, सारङ्गी र हार्मोनियमको संगीत गुन्जन्छ । भवई नृत्यको नामले प्रख्यात यो नाचको उत्पत्ति गुजरातमा भएको मानिन्छ तर अहिले यो नाचलाई नजिकको राज्य राजस्थानको भवई समुदायको पहिचानको रुपमा हेरिन्छ । पोखराको प्रदर्शनी केन्द्रमा जारी ३३ औं संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला २०८१ अन्तर्गत शुक्रबार राजस्थानका कलाकारहरुले मञ्चमा यो नृत्य पस्के । रंगिन पोशाकमा सजिएका कलाकार संगीताबाट प्रस्तुत भवईबाट पोखरेलीहरु मन्त्रमुग्ध बने । उनलाई ढोलकमा इलामद्दिन,मुर्चुङ्गामा सिकन्दर,हार्मोनियममा मेहबुब खान,मुजुरामा इकवाल,ढोलक र बपाङमा निजाम,सारङ्गीमा सफु खानले साथ थिए ।

यसकाम साथै गायकीमा इलामद्दिन,बुन्दु खान,कसम खान र मेहबुबको साथ थियो । त्यसका अलावा साथमै रहेका कलाकारद्वय ममता र मधुले दर्शकसामु कालबेलिया नृत्य प्रस्तुत गरे । कालबेलिया भारतको सीमान्तकृत समुदायमा गनिन्छ । उनीहरु सर्प समात्छन् र सर्पको विषको व्यापार गर्छन् । सर्पलाई पूज्नु र त्यस्तै नाच्नु यो जातिको विशेषता हो । यो समुदायलाई जोगिरा पनि भनिन्छ । कालबेलिया नृत्य अक्सर युगल हुन्छ र यसमा प्रेमका कथा भनिन्छ । यो शैलीका गीतहरु मुलधारका भारतीय सिनेमाहरुमा प्रयोग भएका छन् । नेपालस्थित भारतीय राजदूतावासको सदासयतामा मेलाको आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघले पोखराको नयाँबजारमा राजस्थानी लोकनृत्य प्रस्तुत गरेको हो । त्यसो त, यो सांस्कृतिक समूहले आफ्नो प्रस्तुतिको क्रममा 'दमादम मस्त कलन्दर' जस्तो कब्बाली पनि प्रस्तुत गरेको थियो । त्यो प्रस्तुतिमा दर्शकहरु झुमेका थिए । बसिमले सो समूहको नेतृत्व गरेका थिए । यो सांस्कृतिक कार्यक्रम आयोजना गर्न नयाँदिल्लीर्स्थित भारतीय सांस्कृतिक सबन्ध परिषद् को सहयोग एवं स्वामी विवेकानन्द सांस्कृतिक केन्दको समन्वय रहेको पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले बताए । यसअघि गण्डकीका वन तथा वातारणमन्त्री भेषबहादु पौडेलले सांस्कृतिक कार्यक्रमको उद्घाटन गरेका थिए । उद्घाटन मन्तव्य व्यक्त गर्दै उनले यस्ता साँस्कृतिक कार्यक्रमहरुको आयोजनाले नेपाल र भारतबीचको सम्बन्ध अझ बलियो हुने तथा भाइचार बढ्ने विश्वास व्यक्त गरे ।



कार्यक्रममा बोल्दै पोखरास्थित भारतीय पेन्सन क्याम्पका लेफ्टीनेन्ट कर्णेल (प्रमुख सेनानी) प्रशान्त सिंह भंगेलले सुन्दर नगरी पोखरामा रंगिन पोशाक,पारम्परिक संगीत र आकर्षक नृत्यको लागि प्रख्यात राजस्थानको लोकनृत्य प्रस्तुत गर्न पाएकोमा खुसी व्यक्त गरे । उनले कार्यक्रमको निरन्तरताको प्रतिवद्धता पनि जनाए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले मेलाको उपक्रममा राजस्थानको लोकनत्य प्रस्तुतिको अवसर जुटाइदिने सबैप्रति धन्यवाद ज्ञापन गरे । पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा भारतीय राजदूतावासका प्रथम सचिव वशिष्ठनन्दन, नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, पूर्वअध्यक्ष बसन्त उदास, कास्कीका निमित्त प्रमुख जिल्ला अधिकारी शिव लम्साल, कास्की प्रहरीका डिएसपी वसन्त शर्मासहित संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

शुक्रबार नै कलाकारहरु चोलेन्द्र पौडेल, ज्योति लोहनी,रामजी पौडेल, मन्जु बिक,अमर धितालगायतको सांस्कृतिक प्रस्तुति पनि मेलामा सामेल थियो भने शनिबार चोलेन्द्र पौडेल,तारापतिसुवेदी,सन्तोषबस्याल,पूजा गुरुङलगायतको प्रस्तुति रहने छ । यस्तै मेलामा शनिबार भजन-चुड्का पनि प्रस्तुत गरिने सांस्कृतिक उपसमिति संयोजक ललित कुँवरले जानकारी दिए ।

मेला प्रचारप्रसार उपसमिति संयोजक मनोहरि पौडेलका अनुसार शनिबार मेलाको औपचारिक समापन हुनेछ । औपचाकिर समापन कार्यक्रमसँगै सांस्कृतिक कार्यक्रमलाई निरन्तरता दिइने उनको भनाइ छ ।

मेलामा हरेक दिन प्रवेश टिकटमा गोलाप्रथाबाट ५ जनालाई मोवाइल तथा १० जनालाई बन्दीपुर केवलकारको टिकट उपहार दिइने व्यवस्था मिलाइएको छ । यस्तै उत्कृष्ट टिकटक बनाउने प्रतियोगितामा पहिलो हुनेले २० हजार, दोस्रोले १० र तेस्रो हुनेले ५ हजार बराबरको उपहार प्राप्त गर्नेछ । भ्यूअर्सको आधारमा विजेता छनोट गरिने छ । आइटी महोत्सवअन्तर्गत पनि विभिन्न उपहार प्रदान गरिएको मेलामा प्रचारप्रसार उपसमिति संयोजक मनोहरि पौडेलले जनाए ।

# हिसान गण्डकी फुटसल कास्की छनौटमा गुरुकुल विद्यासदन च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु फुटसल प्रतियोगिताको कास्की छनौट गुरुकुल विद्यासदन च्याम्पियन भएको छ ।

गुरुकुल विद्यासदनले हिसान गण्डकीको दोस्रो सस्करणका च्याम्पियन त्रिवेणी पब्लिक सेकेन्डरी स्कुल लेखनाथलाई १-० गोल अन्तरले हरायो । विद्यासदनलाई च्याम्पियन बनाउन सुमित मल्लले गोल गरे । त्रिवेणीले मदरल्याण्ड सेकेण्डरी स्कुललाई १-० र गुरुकुलले कास्की मोडनाइज स्कुललाई टाइब्रेकरमा ८-७ गोल अन्तरले हराउदै फाइनल प्रबेश गरेका थिए । तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु फुटसल प्रतियोगिताका लागि कास्कीबाट १० टिम छनौट भएका छन् । छनौट हुनेमा गुरुकुल विद्यासदन, त्रिवेणी पब्लिक सेकेन्डरी स्कुल, टप्स इङलिस बोडिङ स्कुल, मदरल्याण्ड सेकेन्डरी स्कुल, डाइमन्ड सेकेन्डरी स्कुल, जुनियर सिटिजन एकेडेमी, पोखरा युनाइटेड एकेडेमी, कास्की मोडनाइज एकेडेमी, सगरमाथा सेकेन्डरी स्कुल र ग्लोबल कलेजीयट छनौट भएका छन् । कास्की छनौट प्रतियोगितामा ३१ विद्यालय सहभागीता जनाएका थिए ।



प्रतियोगितामा विजयी खेलाडीलाई गण्डकी प्रदेश खेलकुद समितिका उपाध्यक्ष ध्वजकुमार गुरुङ, हिसान गण्डकीका अध्यक्ष डा रामजी शर्मा, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसि, सबिन मेमोरीयल फुटबल क्लबका अध्यक्ष संजय लिगल, सल्लाहाकार सन्तोष पराजुली लगाएतले विजयी खेलाडी मेडल, प्रमाणपत्र र टर्फि प्रदान गरे । तेस्रो संकरणका हिसान गण्डकी फुटसल प्रतियोगिता फागुनमा हुनेछ । प्रतियोगितामा कास्कीबाट १०, नवलपुरबाट २, स्याङजाबाट १, पर्वत, बाग्लुङ र म्याग्दीबाट १, तनहुँ, लम्जुङ र गोरखाबाट १ गरी १६ टिमले प्रदेश स्तरीय प्रतियोगिता खेल्ने छन् । प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ । प्रदेश स्तरीय प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने छन् । प्रतियोगिताका मुख्य प्रायोजन युआरएलले गरेको छ ।

# होटल कार्यकारी क्लब पोखराद्धारा होटल व्यवसायी बसन्त गौतम सम्मानीत

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

होटल कार्यकारी क्लब पोखराले पोखराका होटल व्यवसायी बसन्त गौतम सम्मान गरेको छ । क्लबको ११ औं वार्षिक साधारण सभामा गौतमलाई सम्मान गरेको हो ।

लामो समय देखी पोखरामा रेष्टुरेष्ट र होटल व्यवसाय गरेर रोजगारी सृजना गर्न महत्वपुर्ण भुमीका खेलेको भन्दै गौतमलाई सम्मान गरेको हो । गौतमलाई होटल संघका संस्थापक अध्यक्ष हरीध्वज तुलाचन, होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुबेदी, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, होटल कार्यकारी क्लब पोखराका अध्यक्ष राजकुमार केसी लगाएतले सम्मानपत्र, दोसल्लाले सम्ममान गरे ।



गौतम सन् १९९४ देखी पोखराको पर्यटन व्यवसायमा छन् । पहिलो रेष्टुरेष्ट व्यवसायबाट शुरु गरेका गौतमले अहिले रेष्टुरेष्ट र होटल सञ्चालनमा छ । उनले अहिले लेकसाइडमा टेम्पल ट्रि रिसोर्टका सञ्चालक हुन् । यस अगाडी क्लबले होटल बाराहीका सञ्चालक हरि पौडेल, पोखरा रिर्सोटका सञ्चालक हरी गैरलाई सम्मान गरी सकेको छ । होटल संघका संस्थापक अध्यक्ष हरिध्वज तुलाचनले पछिल्लो समयमा होटलहरुको संख्या बढ्दै गएको भएपनि पर्यटक बढाउन पनि सबैले ध्यान दिनु पर्ने बताए । कार्यक्रममा होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुबेदीले पर्यटन व्यवसायमा लागनी बढ्दै गएपनि स्वागत सत्कार घट्दै गएको बताए । उनले नेपाली परम्परालाई विदेशी पर्यटक सम्म पुऱ्याउनका लागि स्वागत सत्कारको परम्परालाई छाड्न नहुने बताए ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पोखरामा पर्यटनमा ठुलो लगानी भएका कारण यसलाई चलायमान बनाउन अन्तराष्ट्रिय उडान पोखराबाट छिटो सञ्चालनको माग गरे । कार्यक्रममा सम्मानीत भएका बसन्त गौतमले पोखरामा होटल, रेष्टुरेण्ट थपिए पनि त्यसलाई आवश्यक जनशक्तिको अभाव रहेको बताए ।

कार्यक्रममा क्लबका अध्यक्ष राजकुमार केसी, संयोजक तुलसी लामिछाने, संचालक माधब बराल लगातले सेवामा गुणस्तरीता दिने उद्देश्यका साथ क्लब अगाडी बढ्नु पर्ने बताए ।

# एक-अर्काको ...

थियो । प्रहरीले बस चालक भानु नगरपालिका-५ बस्ने ३५ वर्षीय रविन्द्र घलेलाई नियन्त्रणमा लिएको छ । दुर्घटनामा कैलाली जोशीपुरका २३ वर्षीया लक्ष्मी बनादी, धनगढी बसबरिया गाउँपालिका-५ बस्ने २२ वर्षीया अन्जली शाही, तनहुँको म्याग्दे गाउँपालिका-७ बस्ने १९ वर्षीय किसान विक, व्यास नगरपालिका-१२ बस्ने १९ वर्षीय सुनिल विक, कास्कीको पोखरा महानगरपालिका-८ बस्ने २२ वर्षीया आयुषा पौडेल, गोरखाको सिरानचोक गाउँपालिका-४ बस्ने ५१ वर्षीय सुनिल ढकाल घाइते भएका छन् । त्यसैगरी लमजुङको बेसीशहर नगरपालिका-३ बस्ने ४१ वर्षीय कृष्णबहादुर पाण्डे, तनहुँको व्यास नगरपालिका बस्ने १३ वर्षीया आस्था काफ्ले, गोरखाको सिरानचोक गाउँपालिका-४ बस्ने ४२ वर्षीय रामशरण कुँवर, सहिद लखन गाउँपालिका-२ घर भई हाल बन्दीपुर गाउँपालिका-१ बस्ने ५९ वर्षीय उज्ज्वल विक, भानु नगरपालिका-१० बस्ने ५० वर्षीय खेमराज लौडारी र सोही ठाउँ बस्ने १७ वर्षीय प्रशान्त लौडारी घाइते भएको प्रहरीले जनाएको छ ।

# अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबलका क्वाटर फाइनलको समिकरण पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

लोक कवि अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगितामा शुक्रवार ७ खेल सम्पन्न भएका छन् । पोखरा-१३ मा रहेको माछापोखरी फुटबल मैदानमा भएका खेलमा प्रिक्वाटरका ७ खेल भएका हुन् ।

सात खेलबाट ट्रेकर्स कफी, एन के (बी), लिभिक एफसी (बी), ए-७ ब्रोदर्श, एनएमवाइसी (बी), रामघाट (सेतो) र एनएमवाइसी (ए) ले क्वाटरफाइनलको यात्रा तय गरेका हुन् । यस पहिले बिहिबार भएको खेल जित्दै स्लामिक कल्याणकारी क्वाटरफाइनलमा पुगिसकेको छ । एल्सी ब्रोदर्शलाई शून्यका विरुद्ध १ गोल गदै ट्रेकर्सले जित निकालेको हो । एन के (बी)ले ब्रजला एफसीलाई १-० को अन्तरले पाछि पादै क्वाटर फाइनलको यात्रा तय गर्दा लिभिक एफसी (बी)ले रामाधाट (हरियो)लाई ४-१ को फराकिलो अन्तरले पाराजित गर्यो । एनबीएफसीलाई शून्यको विरुद्ध २ गोल गदै ए-७ ब्रोदर्शले अघिल्लो यात्रा पक्का गरेको छ । एनएमवाइसी (बी)ले ३-१ को सहज जित निकाल्दा बिटी क्लवलाई शून्यको विरुद्ध १ गोल गदै रामघाट (सेतो) अन्तिम ८ मा पर्न सफल भएको छ । पोखरा जब्सलाई १-२ को अन्तरले पछि पादै एनएमवाइसी (ए)ले खेल जितेको छ ।

शनिवार क्वाटरफाइनलका खेल हुने आयोजक समितिका शम्सुल हकले जानकारी दिए ।


प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ४० हजार र द्धितीय हुने टिमले ८५ हजार पुरस्कार पाउने छन् । यस्तै विधागत तर्फ वेष्ट फरवाड, मिड-फिल्डर, डिफेन्सर, गोलकिपर र हाइस्केररलाई नगद ५/५ हजारले पुरस्कार पाउने छन् । नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा भएको प्रतियोगिता यही माघ २० गतेसम्म चल्ने छ ।

# पेट्रोलियम पदार्थको मूल्य वृद्धि

**रासस**
काठमाडौं, १८ माघ

नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेल तथा हवाई इन्धनको मूल्य बढाएको छ ।

निगम सञ्चालक समितिको आजको बैठकले मध्यरातदेखि लागू हुने गरी पेट्रोलको बिक्री मूल्यमा प्रतिलिटर दुई रुपैयाँ तथा डिजेल र मट्टितेलको मूल्यमा मूल्य प्रतिलिटर चार रुपैयाँ तथा हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर छ रुपैयाँ र बाह्यतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ४३ बढाएको हो । मूल्य समायोजनसँगै पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर एक सय ६४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा एक सय ६६ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ६७ रुपैयाँ कायम भएको छ । यस्तै डिजेल र मट्टिटतेल पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर एक सय ५७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा एक सय ५९ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ६० रुपैयाँ तोकिएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौँ, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ । यस्तै आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर एक सय ३२ रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर एक हजार तीन अमेरिकी डलर तोकिएको छ । निगमले खाना पकाउने एलपी ग्याँसको मूल्य भने हाललाई यथावत राखेको छ । इन्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु १.५९, डिजेलमा रु ३.५७ तथा हवाई इनधनमा रु ५.७० ले बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सृजना मा.वि.का विद्यार्थीले मनाए चिनिया नयाँ वर्ष

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

पोखरा-८, सृजनाचोक स्थित सृजना सेकेन्डरी स्कुलका विद्यार्थीहरूले चिनिया नयाँ वर्ष-२०२५ हर्षोल्लासका साथ मनाएका छन् ।

यही माघ १८ गते शुक्रवारका दिन विद्यालयको प्राङ्गणमा विविध सांस्कृतिक कार्यक्रम सञ्चालन चिनिएका कार्यक्रम गरी विद्यार्थीहरुले चिनियाँ नयाँ वर्ष मनाएका हुन । विद्यालयमा कार्यरत चिनिया भाषा शिक्षक यान युहई र छ्याङ फ्यानको व्यापक सक्रियता तथा निर्देशनमा उक्त सांस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो ।

विद्यालयका प्राचार्य डोलराज पाण्डेको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा सल्लाहकार कृष्ण प्रसाद घिमिरे, भाइस प्रिन्सिपल इन्द्रकुमार श्रेष्ठ लगायत शिक्षक, कर्मचारी र विद्यार्थीहरूको उपस्थिति रहेको थियो । कक्षा ४ देखि ८ सम्मका विद्यार्थीहरूको उत्साहजनक सहभागितामा सम्पन्न उक्त कार्यक्रममा प्राचार्य



डोलराज पाण्डे एवम् सल्लाहकार कृष्णप्रसाद घिमिरेले शुभकामना मन्तव्य राख्नुभएको थियो । मन्तव्यका क्रममा प्राचार्य पाण्डेले विद्यालयमा सञ्चालन भएको यस्ता कार्यक्रमले नेपाल र चीन बिच अझ प्रगाढ सम्बन्ध रहने बताउनुभयो ।

चीनले विगत लामो समयदेखि नेपालको भाषा, कला, संस्कृति एवम् प्रविधिका क्षेत्रमा महत्वपूर्ण सहयोग पुयाउँदै आएको कुरा स्मरण गर्दै प्राचार्य पाण्डेले चिनिया नयाँ वर्षको शुभकामना व्यक्त गर्नुभयो । सोही क्रममा विद्यालयका सल्लाहकार कृष्ण घिमिरेले नयाँ वर्षको शुभकामना व्यक्त गर्दै यस्ता कार्यक्रमले नेपाल र चीनका बिचको सांस्कृतिक सम्बन्ध मजबुत बनाएको कुरा प्रष्ट पार्नुभयो ।

सांस्कृतिक कार्यक्रममा कक्षा ४ देखि ८ सम्मका विद्यार्थीहरूले चिनिया नृत्य, गीत, अभिनय, मार्सल आर्ट प्रस्तुत गरेका थिए । उक्त कार्यक्रम चिनिया भाषामा सञ्चालन भएको र त्यसलाई अङ्ग्रेजी भाषामा समेत उल्था गरिएको थियो । विद्यालयको कक्षा ६ मा अध्ययनरत सुवर्ण सुवेदी र कक्षा ७ मा अध्ययनरत आस्का जोशीले चिनिया भाषामा कार्यक्रम सञ्चालन गरेका थिए भने त्यसलाई ने अङ्ग्रेजीमा उल्था गर्ने काम विद्यालयको कक्षा ७ मा अध्ययनरत किस्मत पुरी शुभेक्षा थापाले गरेको कुरा शिक्षक विष्णुप्रसाद सुवेदीले जानकारी दिए ।

# अन्तर्राष्ट्रिय भेट्रान्स फुटबलमा सेमिफाइनल समिकरण पूरा

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

'स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागि नौलो आयाम' भन्ने नारासहित पोखराको टुँडिखेलमा जारी प्रतियोगितामा ४० वर्ष उमेर समूहतर्फ सेमिफाइनल समिकरण पुरा भएको छ ।

बगर भाइखलकको आयोजनामा जारी १४ औं अन्तर्राष्ट्रिय भेट्रान्स एट ए साइड फुटबल प्रतियोगितामा गार्डेन एफसी, झम्सीखेल, जोरपाटी काठमाडौं र ब्रदरहुड काठमाडौं अन्तिम चारमा प्रवेश गर्दै सेमिफाइनल समिकरण पुरा भएको हो । गार्डेन एफसी र झम्सीखेल बिहीबार नै सेमिफाइनलमा प्रवेश गरेका थिए भने, जोरपाटी र ब्रदरहुड आज भएको क्वाटरफाइनलखेलबाट विजयी बन्दै अन्तिम चारमा स्थान बनाएको क्लबका महासचिव मनकाजी गुरुङले जानकारी दिए । उनका अनुसार जोरपाटी काठमाडौंले ताकामी काठमाडौंलाई २-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गर्यो । जोरपाटीको जीतमा विकास राई र विकास श्रेष्ठले समान १/१ गोल गरे । उक्त खेलबाट रञ्जित लामा म्यान अफ द म्याच घोषित भए । अर्को खेलमा नागसोती हेटौंडालाई ब्रदरहुडले ३-० गोल



अन्तरले पराजित गर्यो । ब्रदरहुडको जीतमा बुद्धराज लिम्बु, हर्कराज गुरुङ र अंकुर कुमार खड्गीले समान १/१ गोलको योगदान दिए । सो खेलबाट भेषराज लिम्बु म्यान अफ द म्याच घोषित भए ।

सेमिफाइनल खेल शनिबार हुने भाइखलकका अध्यक्ष इश्वरमान गुरुङले जानकारी दिए । उनका अनुसार पहिलो सेमिफाइनल खेल जोरपाटी र गार्डेन एफसीबीच हुनेछ भने, दोस्रो सेमिफाइनल खेल ब्रदरहुड काठमाडौं र झम्सीखेल ललितपुरबीच हुनेछ । यस्तै ५० वर्ष उमेर समूहतर्फ ४ वटा खेल र ६० वर्ष उमेर समूहतर्फ २ वटा खेल हुने आयोजकले जनाएको छ । प्रतियोगितामा ४० वर्ष उमेर समूहतर्फको विजेताले २ लाख उपविजेताले १ लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । सो उमेर समूहको विधागततर्फ सर्वोकृष्ट खेलाडीले नगद १५ हजार, उत्कष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फवार्ड र प्रशिक्षकले नगद ५ र ५ हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै ५० वर्ष उमेर समूहतर्फको विजेताले १ लाख र उपविजेताले ५० हजार नगदसहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । भने, ६० वर्ष उमेर समूहतर्फको विजेताले ५० हजार र उपविजेताले ३० हजार नगदसहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा भारतको देहरादुन, काठमाडौं, ललितपुर, चितवन, सिरहा, हेटौंडा, सर्लाही, बुटवल,सिमरा,कैलाली, झापा, बिर्तामोड र पोखराका स्थानीय टिमको सहभागिता रहेको छ ।

# तनहुँ जलविद्युत् आयोजनाका प्रभावितलाई क्षतिपूर्ति वितरण

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको संरचना निर्माणका क्रममा प्रभावित भएका एक सय एक परिवारलाई क्षतिपूर्ति रकम प्रदान गरिएको छ ।

आयोजनाप्रमुख श्यामजी भण्डारीका अनुसार ऋषिङ गाउँपालिका-१ का ९८ र व्यास नगरपालिका-५ बेतेनका क्षेत्रका २० गरी एक सय १८ परिवारलाई क्षतिपूर्ति प्रदान गर्ने निर्णयअनुसार पहिलो चरणमा एक सय एक परिवारलाई रकम प्रदान गरिएको हो ।

क्षतिपूर्ति रकम अधिकतम रु तीन लाख र न्यूनतम रु १० हजार प्रदान गरिएको उहाँले बताउनुभयो । आयोजनाको प्याकेज एकअन्तर्गत बाँधलगायत संरचना निर्माणको काम जारी छ । बाँधको जग निर्माणस्थलमा जम्मा भएको पानी फाल्ने र टावर क्रेन जडान भएको छ ।

आयोजनाप्रमुख भण्डारीले भन्नुभयो, "बाँध निर्माणस्थलको तल्लो तटीय क्षेत्रमा ड्रिलिङ, कङ्क्रिटिङको काम जारी छ ।"


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सिक्लेस: प्रकृति र संस्कृतिलाई नजिकबाट हेर्ने र बुझ्ने थलो

वासुदेव पौडेल
गण्डकी, १८ माघ



वरिपरिबाट जङ्गलले घेरिएको गुजुमुज्ज परेको बस्ती, ढुङ्गैढुङ्गाले छापिएका बाटा र ठाउँठाउँमा राखिएका गुरुङ समुदायको धार्मिक आस्थाका पवित्र कोइबोहरू । कास्कीको पर्यटकीय गाउँ सिक्लेस पुग्ने जोकोहीलाई पनि त्यहाँका प्राकृतिक सुन्दरतासँगै गुरुङ संस्कृति, परम्परा र इतिहासले लोभ्याउँछ ।

गुरुङ समुदायको बाहुल्य रहेको सिक्लेस सांस्कृतिक र पर्यटकीय हिसाबले निकै महत्वपूर्ण छ । सिक्लेसको परिचय त्यतिमा मात्रै सीमित छैन, यो राजनीतिक रूपमा ऐतिहासिक थलो पनि हो । नेपालको शान्ति प्रक्रियाको उद्‌गमस्थलका रूपमा पनि सिक्लेसलाई लिइन्छ ।

तत्कालीन समयमा सशस्त्र आन्दोलनरत नेपाल कम्युनष्टि पार्टी (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छलफल गरी वार्ताको वातावरण बनाउन तत्कालीन गृहमन्त्री तथा सरकारी वार्ता टोलीका संयोजक कृष्णप्रसाद सिटौला सिक्लेस पुग्नुभएको थियो । त्यसलगत्तै अध्यक्ष प्रचण्डलगायत माओवादी पार्टीको शीर्ष नेतृत्व २०६३ असार २ गते बालुवाटारमा सार्वजनिक हुनुभएको थियो । शान्ति प्रक्रियाको प्रस्थान विन्दु बनेको यो स्थानमा केही समयअघि शान्ति स्मारकको अनावरण गरिएको थियो । पर्यटन राजधानी पोखराको काहुँखोलादेखि ३७ किलोमिटर दूरीमा रहेको यो ठाउँ समुन्द्री सतहबाट करिब एक हजार ९५० मिटरको उचाइमा छ । केही वर्षयता आन्तरिक र बाह्य पर्यटकको आगमन बढ्न थालेपछि सिक्लेसमा घरबास र होटेलहरूको सङ्ख्या बढ्न थालेको छ । प्रकृति र संस्कृतिको धनी सिक्लेसमा स्थानीयको न्यानो आतिथ्यताले पर्यटकलाई लोभ्याउने गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत रहेको यो गाउँ मादी गाउँपालिकाको वडा नं १ मा पर्दछ । सिक्लेस प्रवेश गर्दा तातो चिया र मकै भटमासले स्वागत गर्ने यहाँको चलन छ । बेलुका होटेल तथा घरबास सञ्चालकले मीठो परिकारको स्वाद चखाउँछन् । त्यसैगरी, टीका र फूलले बिदाइ गर्ने परम्परा छ । सिक्लेसमा एक पटक आउने पर्यटक दोहोऱ्याएर आउने गरेको साजन इन्द्रेणी गेष्ट हाउसका सञ्चालक लिलिमाया गुरुङको अनुभव छ ।

गुरुङ गाउँका रूपमा आफ्नै विशिष्ट मौलिकता बोकेको सिक्लेस प्रकृति र संस्कृतिका जीवन्त पक्ष हेर्ने बुझ्ने थलो पनि भएको उहाँको भनाइ छ । पछिल्लो दश वर्षदेखि सिक्लेसमा होटल सञ्चालन गरिरहनुभएकी उहाँले सुरुमा घरबासस 'होमस्टे' सुरु गर्नुभएको थियो । हाल सिक्लेसमा २८ वटा होटल तथा ३६ वटा घरबासले पर्यटकलाई सेवा दिइरहेका छन् । सिक्लेसमा अन्नपूर्ण संरक्षण आयोजना (एक्याप)ले सञ्चालन गरिरहेको इको म्युजियम र यहाँ बनाइका कोइबोहरू अनुसन्धानकर्ताका लागि गन्तव्य बन्दै गएको मादी गाउँपालिका-१ का वडाअध्यक्ष देवीजङ्ग गुरुङले बताउनुभयो । इको म्युजियममा विशेषतः सांस्कृतिक सम्पदा र परम्पराका साथै गुरुङ समुदायको जीवनशैली (अन्य जातीय अल्पसङ्ख्यकहरूसहित) आदिलाई जीवन्त रूपमा चित्रण गर्नेगरी सामग्री राखिएका छन् । विशेषतः गुरुङ समुदायको रहनसहनलाई सङ्ग्रहालयमा देखाउने प्रयास गरिएको अध्यक्ष गुरुङको भनाइ छ । गुरुङ सभ्यताको विशिष्टस्थलका रूपमा विकसित सङ्ग्रहालय गुरुङ सभ्यताको जानकारी राख्न चाहने जो कोहीका लागि उपयोगी बन्दै गएको छ ।

सङ्ग्रहालयमा गुरुङ संस्कृतिका साथै पर्यावरणीय अध्ययन तथा सिक्लेस क्षेत्रमा पाइने विभिन्न जडीबुटी राखिएको छ । सङ्ग्रहालयमा सिक्लेस क्षेत्रमा पाइने जडीबुटीहरू कुट्को, कुरिलो, सतुवा, विष, नीलोविष, जटामसी, सिल्टिमुर, पाँचऔंले, यार्सागुम्बाबारे जानकारी एवम् अवलोकन गर्न सकिन्छ । साथै गुरुङ संस्कृतिका वेशभूषा, संस्कृतिका साथै रहनसहनका हरेक पक्षलाई जीवन्त चित्रण गर्ने किसिमका सामग्री प्रदर्शनमा राखिएको छ । सङ्ग्रहालयमा गुरुङ समुदायको मौलिक पोसाक राखिएको छ । साथै पर्यटकहरू उक्त पोसाकमा सजिएर तस्बिर खिच्ने गरेका छन् । सङ्ग्रहालय प्रवेश गर्ने बित्तिकै गुरुङ धर्मगुरु पत्यु, ल्हेउरी र बन्पोलमको प्रतिमा देख्न सकिन्छ । विसं २०७१ देखि सञ्चालनमा आएको सङ्ग्रहालय यहाँ पर्यटकको 'बलेट लिस्ट'मा छुटाउने नहुने गन्तव्य भएको सङ्ग्रहालय व्यवस्थापन उपसमितिका सचिव कृष्टी गुरुङको भनाइ छ । चालु आर्थिक वर्षको छ महिनामा एक हजार ७०० जनाले सङ्ग्रहालयको अवलोकन गरिसकेका छन् । सङ्ग्रहालयमा प्रवेश शुल्कबापत नेपाली सर्वसाधारणका लागि रु ५०, विद्यार्थीका लागि रु ३० र विदेशी पर्यटकका लागि रु एक सय ५० निर्धारण गरिएको छ ।

पर्यटकको सुरक्षाका लागि विभिन्न ६४ स्थानमा सिसिटिभी जडान गरिएको वडाअध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार सिक्लेसलाई सांस्कृतिक ग्रामका रूपमा विकास गर्नेगरी व्यवस्थित सिँढी, बाटो, सडक बत्तीको व्यवस्था पनि भइसकेको छ । स्थानीय स्तरमा सञ्चालित सिक्लेस हाइड्रोपावरबाट २०० किलोवाट विद्युत् नियमित आपूर्ति भइरहेको छ । सिक्लेसमा सङ्ग्रहालयसँगै शान्ति स्मारक, सिक्लेस पार्क पनि निर्माण गरिएको छ । यहाँबाट देखिने विभिन्न हिमालको दृश्यावलोकन पर्यटक आकर्षित गर्ने माध्यम हुन् ।

# तनहुँका रवीन बने कायाक 'च्याम्पियन'

पोखरापत्र संवाददाता
तनहुँ, १८ माघ

त्रिशूली र नारायणी नदीमा आयोजना गरिएको ३५ किलोमिटर राष्ट्रिय कायाक प्रतियोगितामा तनहुँका रवीन गुरूङ विजेता बनेका छन् । तनहुँको आँबुखैरेनी गाउँपालिका-५ स्थित त्रिशूली नदीको छिम्केश्वरी क्याम्पबाट नवलपुरको गैंडाकोट-५ स्थित नारायणी नदीको कुसुमघाटसम्मको दूरी दुई घण्टा २८ मिनेट २६ सेकेण्डमा पूरा गर्दै रवीन विजेता बनेका हुन् ।

गण्डकी प्रदेश खेलकुद विकास समितिले आज आयोजना गरेको राष्ट्रिय कायाक प्रतियोगिताको विजेता बनेका उनले नगद रु २० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा उपविजेता तनहुँका प्रमोद गुरूङ भएका छन् । उनले निर्धारित दूरी दुई घण्टा २८ मिनेट ४५ सेकेण्डमा पूरा गर्दै नगद रु १५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे । देशभरका ११ जिल्लाका २५ खेलाडीको सहभागिता रहेको प्रतियोगितामा उदयपुरका कृष्ण खड्काले दुई घण्टा ३० मिनेट २२ सेकेण्डमा दूरी पार गर्दै तेस्रो भएका छन् । उनले रु १० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका आयोजकले जनाएको छ । धनकुटाका विजय माझीले दुई घण्टा ३० मिनेट २४ सेकेण्डमा दूरी पार गर्दै चौथो स्थान प्राप्त गर्दै रु पाँच हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका



छन् । प्रतियोगितामा निर्धारित दूरी दुई घण्टा ३३ मिनेट पाँच सकेण्डमा पार गर्दै गोरखाका सुरेन्द्र चेपाङ सान्त्वना भएका छन् । उनलाई नगद रू तीन हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । विजेताहरूलाई गण्डकी प्रदेश खेलकुद विकास समितिका सदस्य सचिव श्रीधर शर्मा, देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बराल, जिल्ला खेलकुद विकास समिति नवलपुरका अध्यक्ष सेतबहादुर पुनले ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभएको थियो । पुरस्कार वितरण कार्यक्रममा समितिका सदस्य सचिव शर्माले नेपालमा खेलाडीहरू खेलेरै जीवनयापन गर्ने अवस्थामा आइसकेको बताउनुभयो । राज्यबाट खेलकुदमा लगानी कम भइरहेको सन्दर्भमा निजी क्षेत्रले खेलकुद क्षेत्रलाई अगाडि बढाउन लगानी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । गण्डकीले प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पदक पाउने खेलाडीलाई सम्मानित गर्ने किसिमले कार्यक्रम सञ्चालन गर्दै आएको उहाँको भनाइ छ । "प्रदेश सरकारले खेलकुदको क्षेत्रलाई समेटेर विभिन्न आठवटा विधामा मेडल दिनेगरी कार्यविधि ल्याएको छ", शर्माले भन्नुभयो, "अन्तर्राष्ट्रिय पदक प्राप्त खेलाडी, खेलकुदको क्षेत्रमा काम गर्ने सञ्चारमाध्यम, खेलकुदको विकासमा काम गर्ने व्यक्ति तथा संस्था, रेफ्री, कोचसहित पर्नेगरी आठ वटा विधाबाट वार्षिक रूपमा मेडल प्रदान गर्दैछ ।" खेल क्षेत्रलाई योगदान पुग्नेगरी प्रदेशले मुलुकमा पहिलोपटक कार्यविधि ल्याएको उहाँले जानकारी दिनुभयो ।

प्रदेशमा रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई प्रोत्साहन स्वरूप मासिक रूपमा पारिश्रमिक दिन सुरु गरिएको भन्दै सदस्य सचिवले यहाँ रहेका नौ जना ओलम्पिक खेलाडीलाई गतवर्षदेखि मासिक रूपमा रु पाँच हजार भत्ता दिइएको उल्लेख गर्नुभयो । गण्डकी जल सम्पदामा धनी रहेको भन्दै उहाँले पानीमा खेलिने साहसिक खेलकुद गर्दै जल पर्यटनको प्रवर्द्धन गर्न सकिने धारणा राख्नुभयो । "जल पर्यटनमार्फत धार्मिक पर्यटन प्रवर्द्धन गर्दै खेलकुद क्षेत्रलाई जोड्न सकिन्छ", उहाँले भन्नुभयो, "धार्मिक पर्यटक र साहसिक पर्यटकलाई जोडेर लैजान सकेमा प्रदेशवासीको आयआर्जनमा वृद्धि हुनेछ ।" नारायणी नदीमा ड्रागन मोटर रेस गर्न सकिने सम्भावना भएको बताउँदै उहाँले यसको तयारी गरेमा जल पर्यटन प्रवर्द्धन हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

प्रदेश खेलकुद विकास समितिका सदस्य एवं राष्ट्रिय कायाक प्रतियोगिताका संयोजक वसन्तराज दवाडीले विगत चार वर्षदेखि जलयात्रा र साहसिक खेलकुदका गतिविधि गर्दै आएको बताउनुभयो । साहसिक खेलको प्रवर्द्धन गर्न प्रतियोगिता आयोजना गरिएको भन्दै उहाँले आगामी वर्षमा यस प्रतियोगितालाई अझै बृहत् तरिकाले आयोजना गरिने जानकारी दिनुभयो ।

जिल्ला खेलकुद विकास समिति नवलपुरका अध्यक्ष सेतबहादुर पुनले नवलपुर खेलकुदका लागि उर्वर भूमि भए पनि यहाँ अभ्यासका लागि पर्याप्त पूर्वाधार नभएको बताउनुभयो । उहाँले यस क्षेत्रमा आवश्यकता अनुसार खेलकुदका पूर्वाधार निर्माण गरी राष्ट्रिय, अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न सकिने धारणा राख्नुभयो ।

# पोखराको प्रगती माविले बार्षिकोत्सव माघ २४ र २५ गते फरक ढंगले मनाउने

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

पोखरा -१६, बाटुलेचौरमा रहेको प्रगति माध्यमिक विद्यालयले ३५ औं बार्षिकोत्सव फरक ढंगले मनाउने भएको छ।

बिद्यालयको बार्षिकोत्सवको अवसरमा यही माघ २४ र २५ गते "प्रगती नाटक महोत्सव" सहितको फरक ढंगले बार्षिकोत्सव मनाउने तयारी गरिएको बिद्यालयले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । बार्षिकोत्सव समारोह छोटो रुपमा औपचारिक उद्घाटन भएसंगै बिद्यार्थीहरुबाट ५ वटा नाटक प्रर्दशन गरेर यस बर्षको बार्षिकोत्सव फरक ढंगले मनाउने तयारी गरेको बिद्यालयका सूचना अधिकारी जयराम पौडेलले बताउनु भयो । प्रस्तुत गरीने नाटकहरु पोखरा थिएटरको सहकार्यमा हुने भएको हो भने उक्त नाटकहरु बिद्यार्थी सहित अभिभावकहरुको लागि




समेत निशुल्क रुपमा प्रर्दशनी गरिने भएको बिद्यालयले जनाएको छ।

प्रर्दशन गरिने नाटकहरुमा अग्रज साहित्यकार सरुभक्तद्धारा लिखित ज्यानमाया गीती नाटक परिबर्तनले निर्देशन गर्नु भएको छ। त्यसै गरी सुरुभक्तले नै लेखन गर्नु भएको भ भ भ भुत नाम नाटक मिना भण्डारीले निर्देशन गर्नु भएको छ भने संस्कृतिकर्मी तिर्थ श्रेष्ठद्धारा लिखित आमा कबिता नाटक रमेश बाबु तिमिल्सिनाले निर्देशन गर्नु भएको छ। त्यसै गरी टंक चौलागाईले लेख्नु भएको रोल न. ४ नाटकमा धनकाजी श्रेष्ठले निर्देशन गर्नु भएको छ भने फोरम थिएटरले लेखिएको तुलना नाटकमा परिबर्तनले निर्देशन गर्नु भएको छ । साथै कार्यक्रममा प्रा.डा.रामचन्द्र पोखरेल र परिवर्तनले रङ्कर्मीसँग रङ्गमञ्च बहस, प्रतीक पौडेलबाट कुशल अभिभावकत्व कला र बिद्यार्थी जागरण, शिल सङकल्पबाट पुस्तक किन र कसरिी पढ्ने ?, साथमा कला प्रदर्शनी, फुड स्टल, पुस्तक र शैक्षिक प्रर्दशनी र बिहिष्ट पुरस्कार वितरण हुने भएको बिद्यालयले जनाएको छ । २०४७ मा वसन्तबहादुर बानियाद्बारा स्थापित उक्त बिद्यालयमा हाल १ हजार २ सय जना बिद्यार्थी अध्ययन गर्नु भएको छ । आज सिकौं, भोलि नेतृत्व गरौं भन्ने दूरदर्शी मूलमन्त्र सहित स्थापना गरिएको प्रगति विद्यालय विद्यार्थीहरूमा बौद्धिक जिज्ञासा, आलोचनात्मक सोच र आजीवन सिक्ने चाहनालाई प्रोत्साहित गर्ने समग्र शिक्षा प्रदान गर्ने लक्ष्य राखेको बिद्यालयका प्राचार्य महेन्द्र थापाले बताउनु भयो । आफ्ना विद्यार्थीहरूलाई विश्व मानव सम्पदाको रूपमा स्विकार्दै विद्यालयलाई एक गतिशील र समावेशी वातावरण जहाँ विद्यार्थीहरूलाई उनीहरूका रुचिहरू अन्वेषण गर्न, उनीहरूको प्रतिभा विकास गर्न, र उनीहरूको सम्पूर्ण क्षमता प्राप्त गर्न विद्यालय सदैव प्रयासरत रहेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । बिद्यालयले मासिक रुपमा कक्षागत प्रस्तुती राख्दै आएको शिक्षिका मिना भण्डारीले जनाउनु भयो।

# माभ्ठाना-पोखरा सम्पर्क समाजको बृहत स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

सामाजिक सेवामा समर्पित माभ्ठाना-पोखरा सम्पर्क समाजले बृहत स्वास्थ्य शिविरको आयोजना गरेको छ। पोखरा २८ रैकरस्थित रत्नशोभा माविमा आयोजित शिविरमा ८५१ जनाको स्वास्थ्य परिक्षण गरिएको थियो।

शिविरमा विभिन्न रोगका विशेषज्ञहरुबाट आँखा, पेट, छाती तथा मुटु, हाडजोर्नी तथा नशा रोग, क्षेयरोज, दाँत, स्त्रीरोग, मानसिक रोगको परिक्षण गर्नुका साथै एक लाख ८० हजार मुल्य बरावरावरको औषधि निशुल्क वितरण गरिएको थियो। सो अवसरमा बरिष्ठ पेट छाती तथा मुटु रोग विशेषज्ञ डा. चन्द्र बहादुर पुन, बरिष्ठ मानसिक रोग विशेषज्ञ प्रा.डा.निर्मल लामिछाने, बालरोग विशेषज्ञ डा. गणेश विक, भिडियो एक्स रे डा. पुजन शर्मा लगायतले विरामीको स्वास्थ्य परिक्षण गर्नुभएको थियो। शिविरमा रक्तचाप, सुगर र पि.एफ.टी समेत परिक्षण गरिएको थियो।

हिमालय आँखा अस्पताल घारीपाटन पोखराको प्राविधिक सहयोगमा दुई सय ६९ जनाको आँखा परिक्षण गरिएकोमा २८ जनामा मोतिया विन्दु देखिएको



थियो । जसमा आठ जनाको तत्काल शल्यकृया गर्नुपर्ने देखिएको समाजका अध्यक्ष भोलानाथ ओभ्ठाले जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा पेट,छाती तथा मुटुका दुईसय ५५, हाडजोर्नी तथा नशारोगका १०५, दाँतका ११०, क्षयरोग ९१, स्त्रीरोग सम्वन्धि १७ र मानसिक रोगका चार जनाले स्वास्थ्य सेवा लिनुभएको थियो । समाजका उपाध्यक्ष एवम् प्रचारप्रसार समिति संयोजक राकृष्ण तिवारीका अनुसार शिविरमा आठजना मोतिया विन्दुका विरामीको तत्कालन शल्यकृया गर्नुपर्ने देखिएको छ । आर्थिक अवस्था कमजोर भएका उनीहरुको शल्यकृयाको लागि हिमालय आँखा अस्पतालसंग समन्वय गरिने उहाँको भनाई छ । पोखरा महानगरपालिका वडा नं. २८ का वडाअध्यक्ष एवम् समाजका संस्थापक श्रीकृष्ण लामिछानेले स्थानीय स्तरमा स्वास्थ्यको पहुँच पुऱ्याउन शिविरले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। "विभिन्न रोगको परिक्षणका लागि आवश्यक उपकरण सहित १० जना चिकित्सकले सेवा दिनु भनेको शिविरले अस्पतालको झल्को दिएको छ" उहाँले भन्नुभयो, "सामाजिक क्षेत्रमा गरिने प्रत्येक कृयाकलापमा वडाकोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।" कायक्रममा वरिष्ठ मानसिक रोग विशेषज्ञ प्रा.डा.निर्मल लामिछाने र सचिव नरेश तिवारीले विभिन्न अस्पताल र चिकित्सकहरुले पुऱ्याएको योगदानको उच्च कदर गर्दै समाजले शिविरको आयोजना गरेर सामाजिक उत्तरदायित्व पुरा गरेको स्पष्ट पार्नुभयो।

# बेनी-दरवाङ सडकः रणवाङ-दरवाङ खण्डमा कालोपत्र सुरू

पोखरापत्र संवाददाता
म्याग्दी, १८ माघ

जिल्लाको रणनीतिक महत्वको बेनी-दरबाङ सडक आयोजनाको तेस्रो (रणवाङ-दरवाङ) खण्ड कालोपत्र गर्न थालिएको छ।

रणवाङको खहरेखोलाबाट दरवाङतर्फ बिहीबारदेखि कालोपत्र गर्न थालिएको हो। पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलले पहिलो चरणमा खहरेखोला, रणवाङ, सहश्रधारा, दुखुखोला, रातोढुङ्गा हुँदै तोलावाङसम्म चार किलोमिटर कालोपत्र गर्न लागिएको बताउनुभयो । "फराकिलो पार्ने, नाली, टेवा पर्खाल बनाउने, बेस र सबबेस राख्ने काम सकिएको ठाउँमा एकतर्फी प्राइम कोट (बिटुमीन) बिछ्याएर 'फस्टकोट' (बिटुमिन र चिप्स) राख्न थालिएको हो", उहाँले भन्नुभयो, "बाङ्गेपहिरो छाडेर तोलावाङ, ढाडखर्क, दरबाङ बजारमा भइरहेको पूर्वाधार निर्माणको काम सकिएपछि कालोपत्र गर्ने तयारी छ।" गण्डकी प्रदेशको 'एक निर्वाचन क्षेत्र एक सडक' कार्यक्रमअन्तर्गत म्याग्दीस्थित पूर्वाधार विकास कार्यालयमार्फत दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित पाँच वर्षअघि ठेक्का सम्झौता भएको सडक निर्माणको काम अलपत्र बनेको थियो । मङ्गला गाउँपालिका-२ रणवाङबाट मालिकाको केन्द्र दरबाङसम्मको आठ किलोमिटर सडक कालोपत्र गर्न विसं २०७६ जेठ ३१ गते बिरूवा-क्याराभान जेभी र पूर्वाधार



विकास कार्यालयबीच रू २२ करोड ५७ लाख नौ सय ३२ मा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ जेठमा सकिनुपर्ने सो योजनाको हालसम्मको भौतिक प्रगति ८० प्रतिशत रहेको कार्यालयले जनाएको छ।

निर्माण कम्पनीका प्राविधिक देवराज राउतले चालु आर्थिक वर्षभित्र नै कालोपत्र सम्पन्न गर्ने लक्ष्यसहित उपकरण र मजदुर परिचालन गरेको बताउनुभयो। पर्याप्त बजेट विनियोजन नहुनु, नदीजन्य निर्माण सामग्रीको अभाव, विपद् र कोरोना महामारीका कारण ढिलाइ भएको निर्माण कम्पनीका सञ्चालक चन्द्र थकालीले बताउनुभयो।

गत वर्ष रू पाँच करोड बजेट विनियोजन भएको यो आयोजनालाई यसपालि रू एक करोड ५० लाख विनियोजन भएको छ । म्याग्दीको लाइफ लाइन (भाग्यरेखा) मानिएको बेनी-दरवाङ सडक निर्माणमा भएको ढिलाइले यात्रीलाई सास्ती, दुर्घटनाको जोखिम र यातायात सञ्चालन गर्न असहज भएपछि जनप्रतिनिधि र अगुवाहरूले दबाब दिँदै आएका थिए। सडक कालोपत्र हुन थालेपछि उत्साहित भएको मङ्गला गाउँपालिका-२ का वडाध्यक्ष धनबहादुर खाती क्षेत्रीले बताउनुभयो । कामलाई गुणस्तरीय बनाउन निगरानीका साथै सामाजिक समस्या समाधानका लागि सहजीकरण र समन्वय गरेको उहाँले बताउनुभयो । सो खण्डमा पर्ने बाङ्गेपहिरो क्षेत्र पहिरोग्रस्त र जोखियुक्त छ। पहिरो प्रभावित क्षेत्रलाई ठेक्काबाट हटाइएको छ । मालिकाको केन्द्र दरवाङ बजारभित्र जग्गा विवाद नभएको बाहेकका ठाउँमा कालोपत्रको तयारी गरिएको छ । मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने २४ किलोमिटर दूरीको यो सडकमार्ग २०६३ सालमा खुलेको थियो । बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्ने मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प भएकाले रणनीतिक महत्त्वको मानिएको छ।

बेनीबाट सिमसम्म १२ दशमलव पाँच किलोमिटर तीन वर्षअघि कालोपत्र भएको थियो। सिम-पानाबगर खण्डको चार किलोमिटर सडकको गत जेठमा काम सकिएको छ । दरवाङबाट धवलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने सडक कालोपत्रसहित स्तरोन्नति गर्न एक योजना चालु रहेको र थप रू एक अर्ब बजेटको योजना कार्यान्वयनको प्रक्रियामा रहेको म्याग्दी क्षेत्र नं १ (२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले बताउनुभयो । "धारापानी-ताकम-शिवाङ खण्डको चार किलोमिटर कालोपत्र र ग्राभेलका लागि धमाधम काम भइरहेको छ", उहाँले भन्नुभयो, "गत वर्ष ग्राभेल भएको दरवाङ-धारापानी खण्डको सात किलोमिटर र शिवाङबाट मुना खण्डको सडक कालोपत्र गर्न सङ्घीय र प्रदेश सरकारको साझेदारीमा रू एक अर्ब बजेटको योजनाको ठेक्का आह्वानको तयारी भएको छ।" गण्डकी प्रदेशका पूर्वभौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीसमेत रहनुभएका जुग्जालीले काम भइरहेका र सम्पन्न हुने चरणमा रहेका योजनामा बजेट अभाव भएकाले मुख्यमन्त्री र विभागीय मन्त्रीलाई थप बजेट व्यवस्था र रकमान्तरका लागि पहल गरेको उहाँले बताउनुभयो।

# रजत महोत्सव अवसरमा होली माउणटमा निशुल्क दन्त शिविर

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

पोखरा- २९ भण्डारीढिकमा रहेको होली माउण्ट अंग्रेजी माविले रजत महोत्सवको पूर्व सन्ध्यामा निशुल्क दन्त शिविर तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ।

विद्यालय स्थापनाको २५ वर्ष पुगेको उपलक्ष्यमा अभिभावक र विद्यार्थी लक्षित गरी निशुल्क दन्त शिविर आयोजना गरेको विद्यालयका संस्थापक प्रिन्सिपल तोलाकान्त न्यौपानेले जानकारी दिए । उक्त अवसरमा २०८१ को खेलकुद पुरस्कार वितरण तथा विविध सांस्कृति कार्यक्रम समेत प्रस्तुत गरिएको थियो। माता मनकामना डेन्टल केयर पोखरा न्यूरोडको प्राविधिक सहयोगमा भएको उक्त शिविरमा अभिभाव र विद्यार्थी गरी १ हजार १ सय जनाले सेवा लिएका प्रिन्सिपल न्यौपानेले जानकारी दिए । उक्त शिविरमा माता मनकामना डेन्टल केयरका मेनेजिङ डिरेक्टर डि.एच युवराज पौडेल 'अर्जुन', डा.आफ्री




वुन, डिएच लाल बहादुर थापा र असिस्टेन्ट प्रेमु गुरुङ दात परिक्षण गरेका थिए।

मेनेजिङ डिरेक्टर डि.एच युवराज पौडेल 'अर्जुन', डा.आफ्री वुनले दात मुख स्वास्थ्य सम्बन्धि प्रशिक्षण दिएका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष कुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक प्रिन्सिपल तोलाकान्त न्यौपानेले स्वागत तथा विद्यालयकी संस्थापक भाईस प्रिन्सिपल अनिता तिमिल्सिना न्यौपाने र संयोजक जनक जमरकट्टेलले कार्यक्रम सञ्चालन गरेका थिए। विद्यालयले शनिबार शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यको प्रमुख आतिथ्यतामा विविध कार्यक्रमको आयोजना गरी रजत महोत्सव मनाउन लागेको छ।

विद्यालयले रजत महोत्सवको अवसरमा वृक्षारोपण, चित्रकला, वृद्धाश्रम अनाथालयमा सहयोग, स्वास्थ्य शिविर, सम्मान, पुरस्कार वितरण तथा विविध सास्कृति कार्यक्रम गरिसकेको छ। २०५६ सालमा स्थापना भएको विद्यालयमा हाल ५ सय विद्यार्थी र ४२ जना शिक्षक कर्मचारी रहेको विद्यालयले जनाएको छ।

# काठेखोला गाउँपालिकाद्वारा निःशुल्क स्वास्थ्य बिमा

पोखरापत्र संवाददाता
बागलुङ, १८ माघ

जिल्लाको काठेखोला गाउँपालिकाले यसवर्ष एक हजार ५२ परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ । नागरिकलाई स्वास्थ्य बिमामार्फत निःशुल्क उपचार पुऱ्याउने उद्देश्यले पलिकाका दलित, विपन्न, जनजाती, अपाङ्गता तथा एकल महिलाको निःशुल्क बिमा गरिएको हो।

गाउँपालिकाले तीन वर्षदेखि दुई सयलाई स्वास्थ्य बिमा गराउँदै आएकामा यस वर्षदेखि आठ सय परिवार थप गरी पालिकाभित्रका सबै दलित, विपन्न, अपाङ्गता र एकल महिलालाई निःशुल्क बिमामा आबद्ध गराएको गाउँपालिका कार्यालयले जनाएको छ।

तीन वर्षदेखि रु सात लाख बजेट छुट्याएर आठ वटा वडाका दुई सय परिवारको निःशुल्क बिमा गर्दै आएको पालिकाले यसवर्ष बजेट थप गरी रु ३७ लाख पुऱ्याएको छ । पालिकाका सबै दलित समुदायको स्वास्थ्य बिमा गर्न रु २० लाख, जनजाती, अपाङ्गता र एकल महिलाका लागि रु १० लाख बजेट विनियोजन भएको सूचना अधिकारी मनोज कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार पाँच सय ६० दलित परिवार, दुई सय विपन्न परिवार, एक सय ४२ एकल महिला र 'ग' वर्गका अपाङ्गतासहित एक सय ५० विपन्न जनजातीका परिवार बिमाबाट लाभान्वित भएका छन्।

यस वर्षदेखि 'अध्यक्षसँग दलित नागरिक स्वास्थ्य बिमा कार्यक्रम' सञ्चालन गरी निःशुल्क बिमा गरिएको कार्कीको भनाइ छ। "तीन वर्षदेखि दुई सय विपन्न परिवारको स्वास्थ्य बिमा गर्दै आएका थियौँ, स्वास्थ्यको निःशुल्क पहुँचले विपन्न परिवारलाई राहत भएको पायौँ। यसवर्षदेखि बजेट थप गरेर अभियानका रूपमा कार्यक्रमलाई अघि बढाएका छौँ।

वडाका सबै विपन्न, दलित, जनजाती, एकल महिला, अपाङ्गता भएकालाई बिमामा समावेश गरेका हौँ", उहाँले भन्नुभयो । कार्कीले पालिकाले निःशुल्क स्वास्थ्य अवधारणलाई आमनागरिकसम्म पुऱ्याउने लक्ष्यका साथ लक्षित वर्गको निःशुल्क स्वास्थ्य बिमा गरिएको उल्लेख गर्नुभयो। उहाँका अनुसार एकल महिला र अपाङ्गता भएको हकमा पाँच जनासम्मको स्वास्थ्य बिमा हुनेछ । सङ्घीय सरकारले वृद्ध, 'क' र 'ख' वर्गका अपाङ्गको निःशुल्क स्वास्थ्य बिमा गर्दै आएकाले 'ग' वर्गका अपाङ्गलाई परिचयपत्रका आधारमा उक्त कार्यक्रममा आबद्ध गरिएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । एक हजार परिवारलाई निःशुल्क स्वास्थ्यको पहुँचमा पुऱ्याउनु उल्लेख्य उपलब्धि रहेको उहाँको भनाइ छ।

# मौलिक गीत 'मयाली' को चर्चा

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

ठेट लय र शब्दमा बनेको मौलिक गीत 'मयाली' ले यतिबेला लोकसङ्गीत वृत्तमा चर्चा पाइरहेको छ। गायक वसन्त थापा र गायिका देवी घर्तीमगरको स्वर रहेको उक्त गीतलाई युट्युबमा पनि रूचाइएको छ । थापाको आफ्नै युट्युब च्यानलबाट मङ्गलबार सार्वजनिक गीतले हालसम्म तीन लाख बढी 'भ्यूज' पाएको छ। गीतको शब्द/सङ्गीत पनि थापाकै रहेको छ।

गीतको म्युजिक भिडियोको छायाङ्कन बागलुङको ढोरपाटन उपत्यकामा गरिएको थियो। थापाको उक्त गीतले मौलिक सिर्जनाको मूल्यलाई थप स्थापित गरिदिएको लोकसङ्गीत क्षेत्रका अगुवाहरूले बताएका छन् । राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान, नेपालका निवर्तमान अध्यक्ष एवं सर्जक रमेश बिजीले बजारमा लोकगीत-सङ्गीत बेच्नेहरू मात्र नभएर बचाउनेहरू पनि रहेको भन्दै थापाको प्रशंसा गर्नुभएको छ।

फेसबुकमा उक्त गीतलाई साझा गर्दै बिजीले लेख्नुभएको छ, "पुर्खाको नासो मयाली भाकाको मौलिकतालाई शब्द, सङगीत र शिल्पले सिँगारेर यति सुन्दर र सरस तरिकाले प्रस्तुत गर्नुभएको यो गीत धेरैचोटि रसपान गरिसके पछि लाग्यो, बजारमा लोकगीत-सङ्गीत बेच्नेहरू मात्रै छैनन्, बचाउनेहरू पनि छन् ।लोकसङ्गीतमा रहेर यत्तिको धर्म निर्वाह गर्ने प्रयास मात्रै गर्न पाए भोलिको पिँढीले लोक दोहोरीगीतलाई सम्मानले पूजा गर्थे कि !" बिजीले झैँ अन्य सर्जक र लोकसङ्गीतप्रेमीहरूले उक्त गीतको मौलिकपनलाई लिएर सकारात्मक प्रतिक्रिया जनाएका छन्। प्रतिष्ठानका अध्यक्ष रीता थापामगरले उक्त गीतलाई लोकसङ्गीतको सर्वोत्तम उपहारका रूपमा टिपण्णी गर्नुभएको छ । "यस प्रकारका कृतिले हाम्रो लोकसङ्गीत सगर्व सर्वोच्च शिखरमा देख्न पाउँदा हर्षानुभूति हुन्छ। हाम्रो सम्पत्ति नै संस्कृति र प्रकृति त हो नि !" गायक तथा अभिनेता प्रकाश सपुतले सरल, सुन्दर र सुमधुर भन्दै उक्त गीतलाई आफनो फेसबुकमा साझा गर्नुभएको छ । लोकगायक विष्णु खत्रीले मौलिक गीतका लागि गायक थापा र गायिका घर्तीमगरप्रति साधुवाद व्यक्त गर्नुभएको छ।

युट्युबमा 'भ्यूज' बढाउने नाममा लोकगीत-सङ्गीतको मर्ममाथि प्रहार भइरहेका बेला यस्ता मौलिक सिर्जनालाई दर्शक/श्रोताले साथ दिनुपर्ने सर्जकहरूको भनाइ छ। बागलुङमा जन्मनुभएका थापा समाजका रीतिथिती, संस्कृति र भोगाइहरूलाई गीतमा उधिन्दै आउनुभएको छ । सङ्गीतकर्ममा दुई दशक बिताउनुभएका थापा पूर्णकालीन गायक तथा सङ्गीतकारका रूपमा परिचित हुनुहुन्छ।